# दार्मा गाउँपालिकाको खेलकुद विकास ऐन, २०७८

**दार्मा गाउँपालिका**
**सल्यान**
**कर्णाली प्रदेश**
**२०७८**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड -४ सङ्ख्या : २ मिति : २०७७/११/०५

## भाग -१

## दार्मा गाउँपालिका

*गाउँ सभाबाट स्वीकृत मिति: २०७८/१०/१६*

*प्रमाणीकरण मिति : २०७८/१०/२५*


# दार्मा गाउँपालिकाको खेलकुद विकास ऐन, २०७८

**प्रस्तावना**

*खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रियताको प्रवर्धन तथा खेलकुद मार्फत सभ्य र सुसंस्कृत समाज निर्माणको लागि दार्मा गाउँपालिका क्षेत्रभित्र खेलकुदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराउनुका साथै युवाहरूलाई धुम्रपान, लागू पदार्थ सेवनको कुलतबाट जोगाइ सु-संस्कृत समाजको निर्माण गर्न सकरात्मक परिवर्तनका लागि प्रयत्नशील र त्यसको रक्षा गर्ने, स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्देश्यलाई मुर्त रुप दिन वाञ्छनिए भएकोले दार्मा स्थानीय*

*सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार बमोजिम गाउँपालिका गाउँ कार्यपालिकाले यो ऐन बनाएको छ।*

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

*(क) यो ऐनको नाम 'दार्मा गाउँपालिकाको खेलकुद विकास ऐन, २०७८' रहेको छ।*

*(ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।*

**२. परिभाषा** *: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,*

*(क) 'ऐन' भन्नाले दार्मा गाउँपालिका, खेलकुद ऐन, २०७८ सम्झनुपर्छ।*

*(ख) 'खेलकुद विकास समिति' भन्नाले यस ऐन बमोजिम गठित खेलकुद विकास समिति सम्झनुपर्छ।*

*(ग) 'संयोजक' भन्नाले खेलकुद विकास समितिको संयोजक सम्झनुपर्छ।*

*(घ) 'सदस्य' भन्नाले खेलकुद विकास समिति सदस्य सम्झनु पर्छ।*

*(ङ) 'सदस्य-सचिव' भन्नाले खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनुपर्छ।*

*(च) 'अध्यक्ष' भन्नाले दार्मा गाउँपालिका अध्यक्ष सम्झनुपर्छ।*

*(छ) 'उपाध्यक्ष' भन्नाले दार्मा गाउँपालिका उपाध्यक्ष सम्झनुपर्छ।*

*(ज) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले दार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।*

*(झ) 'खेलकुद सम्बन्धी संस्था' भन्नाले दफा १२ र १३ बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ।*

*(ज) 'स्थानीय तह' भन्नाले दार्मा गाउँपालिका सम्झनुपर्छ।*

*(झ) 'खेलकुद' भन्नाले दार्मा गाउँपालिकाको आयोजना, स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनुपर्छ।*

*(ज) 'प्रशिक्षक' भन्नाले दार्मा गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, खेलाडी टिम, क्लव, सङ्घ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनुपर्छ।*

*(झ) 'प्रशिक्षार्थी' भन्नाले दार्मा गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, सङ्घ, संस्थामा सम्बद्ध खेलाडी सम्झनुपर्छ।*

*(ञ) 'प्रोत्साहन' भन्नाले खेलाडीलाई दिइने उपहार, सम्मान, पुरस्कार सम्झनु पर्दछ ।*

## परिच्छेद २

## उद्देश्य

***३. गाउँपालिका खेलकुद विकास समितिका उद्देश्यहरू :*** *दार्मा गाउँपालिका खेलकुद विकास समिति गठनका उद्देश्यहरू देहायबमोजिम रहेको छ :*

*(क) गाउँपालिकाभित्रको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमबाट सहयोग पुर्याउने,*

*(ख) गाउँपालिकाभित्र खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकाय बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,*

*(ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,*

*(घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद सङ्घ संस्थालाई परिचालन गर्ने,*

*(ङ) खेलकुदको माध्यमबाट गाउँपालिकावासीहरूलाई स्वस्थ प्रतिस्पर्धा, सकरात्मक सोच, समूह कार्यप्रतिको विश्वास र सामाजिक भावनाको विकासप्रति सचेत गराउने,*

*(च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,*

*(छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरूलाई पनि सरिक गराउने,*

*(ज) खेलकुद गतिविधिहरूलाई संस्थागत रूपमा विकास गर्दै लैजाने,*

*(झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरूलाई समेत शारीरिक व्याम खेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने,*

*(ञ) दार्मा गाउँपालिकाभित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरू उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,*

*(ट) टिम, क्लब, सङ्घ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्ने गराउने,*

*(ठ) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरूमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने,*

(ड) गाउँपालिका खेलकुद विकास समिति अन्तर्गतका प्रशिक्षकहरूलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद ३

## गाउँ खेलकुद विकास समितिको गठन तथा बैठक ऐन

४. गाउँ कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक गाउँ खेलकुद विकास समिति गठन गर्न सक्नेछ:

(क) दार्मा गाउँपालिका सामाजिक विकास समिति - संयोजक

(ख) विभिन्न विधाका खेलकुदका प्रशिक्षकहरूमध्येबाट अध्यक्षद्वारा मनोनित २ जना - सदस्य

(ग) गाउँपालिका, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट दार्मा गाउँ कार्यपालिकाबाट मनोनित कम्तिमा एक जना महिला सहित बढीमा २ जना - सदस्य

(घ) गाउँपालिकामा दर्ता भएका खेलकुद सम्बन्धी संस्था तथा क्लबहरूबाट गाउँपालिका अध्यक्षबाट मनोनित एक जना महिलासहित २ जना - सदस्य

(ङ) सामुदायिक र संस्थागत विद्यालयका शिक्षकमध्ये शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेको २ जना - सदस्य

(च) शिक्षा युवा तथा खेलुकद शाखा प्रमुख - सदस्य सचिव

५. अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रित सदस्यको रूपमा बोलाउनु पर्नेछ ।

६. समितिले आवश्यक देखेमा कुनै नगर / गाउँपालिका वा अन्य जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रूपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. गाउँपालिका खेलकुद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ ।

**८. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :** दफा ४ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) गाउँपालिका स्तरीय खेलकुद क्यालेन्डरलाई स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको लागि संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने,

*(ग) खेलकुदको विकास गर्न  पालिका, जिल्ला प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुद प्रतियोगिताको आयोजना तथा सञ्चालन गर्ने,*

*(घ) विद्यालयहरूमा खेलकुदसम्बन्धी प्रशिक्षण, प्रतियोगिता सञ्चालन तथा खेकलुदको उपयोगिताका सम्बन्धमा प्रचारप्रसार गर्ने गराउने,*

*(ङ) खेलकुदसम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीहरूलाई अन्य गाउँपालिका / नगरपालिका, प्रदेश र सङ्घमा पठाउने,*

*(च) खेलकुदका सम्बन्धमा स्थानीय स्तरका क्लव, सङ्घ, संस्था, इन्सिच्युटको नियमन, समन्वय र आवश्यक निर्देशन दिने,*

*(छ) खेलकुदको विकास र प्रवर्धन गर्ने,*

*(ज) स्थानीय तहलाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने, स्थानीय तहले आयोजना गरेका खेल सञ्चालनको लागि विभिन्न समिति गठन गरी खेललाई मर्यादित र व्यवस्थित ढङ्गले सञ्चालन गर्ने गराउने,*

*(झ) खेलकुद सम्बन्धी क्लव, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय तह समक्ष सिफारिस गर्ने,*

*(ञ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,*

*(ट) खेलकुदको विकासका लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,*

*(ठ) खेलाडीहरूको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनोट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,*

*(ड) गाउँपालिकाभित्रका खेलाडीहरूलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि स्थानीय तह समक्ष सिफारिस गर्ने,*

*(ढ)  खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था मिलाउने,*

*(ण) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रूपमा अपाङ्गता भएकाहरूको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्त्वको सम्बन्धमा प्रचारप्रसार गर्ने गराउने,*

*(त) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,*

*(थ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरू गर्ने गराउने ।*

**८. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकसँग समन्वय गरी बैठकको लागि आवश्यक विषयसूची र सामग्री जुटाउने,

(ख) बैठकको माइन्युट उठाउने र बैठक सञ्चालनसम्बन्धी आवश्यक काम गर्ने ।

**९. समितिका सदस्यहरूको पदावधि :** (१) मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूको पुन: मनोनयन हुन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि दफा ४ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफन्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कार्वाही गर्दा सम्बन्धित सदस्यलाई सफाइ दिने मौकाबाट बञ्चित गरिने छैन ।

**९. सदस्यको अयोग्यता** : देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन :

(क) गैर नेपाली नागरिक

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको

(ग) मगज बिग्रेको

(घ) १८ वर्ष उमेर पूरा नभएको

**१०. सदस्यता समाप्त हुने अवस्था** : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ :

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा

(घ) समितिलाई कारण सहितको सूचना नदिइ लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद ५

## समितिको बैठक

**११. समितिको बैठक र निर्णय :** (१) संयोजक र सदस्य सचिवबीच समन्वय भई सदस्य सचिवले मिति, स्थान र समय तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक प्रत्येक ३/३ महिनामा अनिवार्य बस्नुपर्नेछ।

(५) जम्मा सदस्य सङ्ख्याको एक तिहाइ सदस्यहरूले मनासिव माफिकको कारण देखाइ बैठक बोलाइयोस् भनि संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

(७) सदस्य सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ।

## परिच्छेद ६

## समूह, क्लव, सङ्घसंस्थाहरूको दर्ता र व्यवस्थापन

**१२. खेलकुद सम्बन्धी संस्थाको दर्ता :** (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले गाउँ कार्यपालिकाको कार्यालयमा समेत दफा १३ बमोजिम दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिकामा दर्ता नभएको खेलकुद सम्बन्धी समूह, क्लव, सङ्घसंस्थाले दार्मा गाउँपालिकाभित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

**१३. संस्था दर्ताका लागि दरखास्त दिनुपर्ने :** (१) दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा संस्था दर्ता गराउन चाहने खेलकुदसम्बन्धी संस्थाले देहायका कुराहरू खुलाई दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखामा नाम दर्ताको लागि निवेदन दस्तुर रु. ५००।- का साथ अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना :

(ख) सञ्चालन गरिने खेलकुदको किसिम

(ग) कार्यकारिणी समितिका सदस्यहरूको नाम, ठेगाना र पेसा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ ।

१४. खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने : (१) दफा १३ बमोजिम नाम दर्ता गराउन दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंतीस दिनभित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुदसम्बन्धी संस्थालाई दर्ताको निर्णय गर्न सक्नेछ ।

(२) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले नियमानुसार दर्ता गराइ अनुसूची-२ बमोजिमको प्रमाणपत्र दिनुपर्नेछ ।

(३) सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी नवीकरण गर्नुपर्नेछ ।

(४) पहिले नै दर्ता भइसकेको संस्था भए गाउँ कार्यपालिकाको कार्यालयमा सूचीकृत हुन अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनुपर्नेछ ।

(५) सूचीकृत भएका संस्थाहरूलाई अनुसूची-४ बमोजिम प्रमाणपत्र दिइनेछ ।

(६) उपदफा (५) बमोजिम सूचीकृत भएका संस्थालाई प्रदान गरिएको प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ ।

(७) प्रत्येक वर्ष असारमसान्त भित्र सबै दर्ता भएका वा सूचीकृत खेलकुद सम्बन्धी संस्थाहरूले गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(८) दर्ता र नवीकरण गर्नुभन्दा पहिले कार्यालयले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गराउन सक्नेछ ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना गाउँपालिकाले त्यस्तो खेलकुदसम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

(१०) दर्ता भएका समूह, क्लव, सङ्घ संस्थाले जुनसुकै खेलकुद प्रतियोगिता गर्नुभन्दा अगाडि गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत लिनुपर्नेछ ।

(११) गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भएका खेलकुद समूह, क्लव, सङ्घसंस्थाहरूले गाउँपालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँ खेलकुद विकास समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

**१५. हेरफेरको सूचना गर्नुपर्ने** : *(१) यस ऐन बमोजिम गाउँ कार्यपालिकामा दर्ता भएको खेलकुदसम्बन्धी संस्थाले दफा १३ बमोजिम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारणसहितको सूचना पन्ध्र दिनभित्र समितिमा दिनुपर्नेछ।*

**१६. खेलकुदसम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नुपर्ने** : *(१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नुपर्नेछ।*

*(२) उपदफा (१) बमोजिमको खेलकुदसम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकुद समितिले जहिलेसुकै पनि गर्न सक्नेछ।*

*(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुदसम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाबकिताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाबकिताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुलउपर गर्न गराउन आवश्यक कारवाही चलाउनुपर्नेछ।*

**१७. निर्देशन दिन, दर्ता खारेज वा सूचीबाट नाम हटाउन सक्ने** : *गाउँपालिकाले खेलकुद सम्बन्धी संस्थालाई खेलकुद विकासको सम्बन्धमा समयसमयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।*

*(२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाले दिएको निर्देशनको पालना नगर्ने खेलकुदसम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाबकिताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुदसम्बन्धी संस्थाको नाम गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो सूचीकृत वा दर्ता भएको विवरणबाट हटाउन वा खारेज गर्न सक्नेछ।*

*(३) उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले आफ्नो लगतबाट कूने खेलकुद सम्बन्धी संस्थाको नाम हटाएमा वा खारेज गरेमा त्यसको सूचना सम्बन्धित संस्थालाई दिनुपर्नेछ।*

**१८. स्वीकृति लिनुपर्ने** : *खेलकुद सम्बन्धी संस्थाको खेलकुद प्रतियोगिता गाउँपालिका भन्दा बाहिर जिल्ला, प्रदेश, राष्ट्रिय वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा दार्मा गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरूलाई आमन्त्रण गर्न समितिको सिफारिसमा दार्मा गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृति लिनुपर्नेछ।*

**१९. सदस्यहरूको भत्ता :** *(१) सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत प्रति बैठक रु. १०००। बैठक भत्ता पाउनेछन् ।*

## परिच्छेद ७

## आचार संहिता

**२१. आचार संहिता :** *(१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :-*

*(क) खेलका निर्णायक, खेलाडी, दर्शक आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाइने छैन ।*

*(ख) खेलकुद प्रतियोगितामा विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी समूह बनाउन पाइने छैन तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली खेल समूहलाई मान्यता दिइनेछ ।*

*(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्ता भएका समूहलाई मात्र मान्यता दिइनेछ ।*

*(घ) नैतिक पतन हुने गरी फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई औपचारिक खेलकुद प्रतियोगितामा खेल समूहबाट हटाइनेछ ।*

*(ङ) खेलाडीले प्राप्त गरेका शिल्ड, ट्रफी बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन तर दर्ता भएको कुनै क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँ कार्यपालिकाको स्वीकृतिमा अर्को दर्ता भएको क्लवलाई उपहार दिन भने बाधा पर्नेछैन ।*

*(च) कुनै खेलमा व्यक्तिले प्राप्त गरेको उपहार बाहेक खेल समूहले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।*

*(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरूलाई राख्न पाइनेछैन ।*

*(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो समूहको पक्ष लिइ ताली, आवाज निकाल्न पाइनेछ तर विपक्षी समूहका व्यक्तिहरू वा समूहलाई लक्षित गरी काटुन, चित्रकारिता, अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।*

*(झ) खेलको प्रतिस्पर्धाका निम्ति गाउँपालिकाको स्वीकृति वा इजाजत बिना आफ्नो समूहको नाममा जवर्जस्ती सहयोग उठाउन पाइने छैन ।*

*(ञ) गाउँ कार्यपालिकाको स्वीकृति लिई उठाएको सहयोग संस्थाको आम्दानी खातामा आय जनाइ सम्बन्धित क्लबको समितिले पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।*

**२२. सौजन्यता :** दर्ता भएको खेलकुद संस्थाहरूले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद ८
## विविध

**२३. जरिवाना :** (१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरूले नवीकरण नगराएमा देहायबमोजिम जरिवाना गरिनेछ :

(क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु. ५००।-

(ख) दुई वर्षसम्म पनि नवीरकण नगरेमा रु. १०००।-

(ग) तीन वर्षसम्म पनि नवीकरण नगरेमा रु. १५००।-

(घ) चार वर्षसम्म पनि नवीकरण नगरेमा रु. २०००।-

(ङ) पाँच वर्षसम्म पनि नवीकरण नगरेमा रु. २५००।-

(२) पाँच वर्षभन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ ।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बूझाउनुपर्नेछ तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असुल उपर गर्न सक्नेछ ।

**२४. जिम्मेवार नहुने :** समितिले आयोजना हुने खेलकुद प्रतियोगितामा कुनै कारणवस खेलाडी वा अन्य व्यक्ति घाइते वा मृत्यु भएमा त्यसको जिम्मेवारी समिति वा गाउँ कार्यपालिका हुन सक्ने छैन र सो वापतको क्षतिपूर्ति दिन समिति वा गाउँ कार्यपालिकाको कार्यालय बाध्य हुने छैन ।

**२५. संस्थाको विघटन :** (१) दर्ता भएको खेलकुद संस्थाहरू देहायको अवस्थामा विघटन हुन सक्नेछन् :

( क ) संस्थाका दुई तिहाइ बहुमतले संस्था विघटन गर्ने भनि निर्णय गरेमा,

(ख) लगातार पाँच वर्षसम्म संस्था नवीकरण नगरेमा,

**२६. विघटित संस्थाको सम्पत्ति :** विघटन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

**२७. सजाय :** (१) समितिको कुनै सदस्य वा कर्मचारी जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुर्याएमा निजलाई २००००।  (बीस हजार) रुपैयाँसम्म जरिवाना हुनसक्नेछ ।

***२८. असल नियतले गरेको काममा बचाउ*** *: यस निर्देशिका बमोजिम खेलकुद सम्बन्धी शैक्षिक संस्था, क्लब, संस्थाहरूको अनुगमन तथा नियमन गर्दा सदस्यहरू उपर कुनै कारवाही गरिने छैन ।*

***२९. ऐन बमोजिम हुने :*** *यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।*

***३०. प्रतिवेदन*** *: समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेस गर्नुपर्नेछ ।*

***३१. बाधा अडकाउ फुकाउने अधिकार :*** *यस ऐनको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार दार्मा गाउँपालिका गाउँ कार्यपालिकालाई हुनेछ ।*

***३२. संशोधन :*** *यस ऐनमा आवश्यकतानुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।*

अनुसूची १

(दफा १३ को उपदफा १ सँग सम्बन्धित)

मिति : ...............

**विषय : खेलकुद संस्था दर्ता सम्बन्धमा ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्यान ।

म / हामीले तपसिलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरूको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एकप्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु / छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ ।

संस्थाको कार्यालय रहने स्थान : ................

| | |
|---|---|
| सचिव: | अध्यक्ष : |
| नाम : | नाम : |
| मिति : | मिति : |

**<u>निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू</u>**

(क) सभाबाट अनुमोदित संस्थाको विधान

(ख) दर्ता गर्ने समितिको बैठकको निर्णय

(ग) आवेदक र समितिका पदाधिकारीहरूको नेपाली नागरिकताको प्रतिलिपि

(घ) संस्थाको छाप

(ङ) वडा कार्यालयको सिफारिस

अनुसूची २

(दफा १४ को उपदफा १ सँग सम्बन्धित)

दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

मिति : .................

**संस्था दर्ता प्रमाणपत्र**

संस्थाको नाम र ठेगाना :....................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य सङ्ख्या :

अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । दार्मा गाउँपालिका खेलकुद विकास समिति ऐन र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनुमति दिइएको छ ।

.................

**संस्था नवीकरणको विवरण**

| क्र स | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची ३

(दफा १४ को उपदफा २ सँग सम्बन्धित)

मिति : ..........

**विषय : संस्था सूचिकृत गरिदिनु हुन ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्यान ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । दार्मा गाउँपालिकाको खेलकुद विकास ऐन, २०७८ बमोजिम संस्था सूचीकृत गर्न इच्छुक भएकोले नियमानुसार संस्था सूचिकृत गरिदिनु हुन अनुरोध छ ।

**संलग्न कागजातहरू**

(क) दर्ता प्रमाणपत्र

(ख) गत वर्षको लेखा परीक्षण प्रतिवेदन

(ग) कर चुक्ता प्रमाणपत्र

(घ) कार्यसमितिको निर्णय

| | |
|---|---|
| ............. | .................. |
| (नाम) | (नाम) |
| सचिव | अध्यक्ष |

अनुसूची ४

(दफा १४ को उपदफा ३ सँग सम्बन्धित)

दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

**संस्था सूचीकृत प्रमाणपत्र**

संस्थाको नाम : ..........................

ठेगाना : .................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य सङ्ख्या : .........

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम : ............

माथि उल्लेखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाणपत्र प्रदान गरिएको छ । दार्मा गाउँपालिकाको खेलकुद विकास ऐन, २०७८ को अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनुमति दिइएको छ ।

..................

**संस्था नवीकरणको विवरण**

| क्र स | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अनुसूची ५

(दफा १४ को उपदफा ४ सँग सम्बन्धित)

मिति : .................

**विषय : संस्था नवीकरण गरी पाऊँ ।**

............................ नामक संस्था यस दार्मा गाउँपालिका गाउँ कार्यपालिकाकोकार्यालयमा दर्ता / सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गरी रहेको हुँदा तपसिल बमोजिमका कागजात संलग्न गरी आर्थिक वर्ष ............. को लागि संस्था नवीकरण गरिदिनु हुन विनम्र अनुरोध छ ।

निवेदन साथ संलग्न कागजातहरू

(क) आर्थिक वर्ष ............. को लेखा परीक्षण प्रतिवेदन

(ख) संस्थाको वार्षिक गतिविधि

(ग) भावी योजना र बजेट ।

...............

(नाम)

पद

आज्ञाले,

अमृत खड्का

नि. प्रमुख प्रशासकीय अधिकृत